पुनर्वास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पुनर्वास,कञ्चनपुर,नेपाल

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना
(प्रथम पटक प्रकाशित मिति २०७८/०१/०७)

यस नगरपालिका कार्यालयवाट तपसिल वमोजिमको निर्माण कार्य सिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्नु पर्ने भएको हुदा नेपाल सरकारवाट ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुवाट तपसिलका शर्तहरुको अधीनमा रहि रीतपुर्वकको इलेक्ट्रोनिक दरभाउपत्रहरु पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

सिलबन्दी दरभाउपत्रका शर्तहरु

१. दरभाउपत्र सम्वन्धि कागजातहरु PPMO को e-GP संयन्त्र www.bolpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिनेछ | दरभाउपत्र पेश गर्दा दरभाउपत्र दस्तुर वापत रकम रु. १,०००।०० (अक्षरेपी एक हजार मात्र) यस न.पा.को राष्ट्रिय वाणिज्य बैंक, शिवसरोजस्थल, पुनर्वास शाखामा रहेको न.पा. आन्तरिक राजस्व खाता नं. ४२१०१००३०१०००२ मा जम्मा गरेको बैंक भौचर, नवीकरण सहितको निर्माण व्यवसायी इजाजत पत्र, मूल्य अभिव्रिद्दी कर दर्ता प्रमाण पत्र, आ.व.२०७६/०७७ को करचुक्ता प्रमाण पत्र हरुको प्रमाणित प्रतिलिपि स्क्यान गरि संलग्न राख्नु पर्नेछ|

२. यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन (२०७८/०१/२२ गते) को १२.०० बजेसम्म दरभाउपत्र पेश गरी सक्नु पर्नेछ। पेश भएका सबै दरभाउपत्रहरु कार्यालय प्रतिनिधि तथा दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा सोहि दिनको ठिक १३:०० बजे खोलिने छ। तर दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि दरभाउपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन।

३. दरभाउपत्र जमानत वापत तपसिल वमोजिमको रकम पुनर्वास नगरपालिका कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, शिवसरोजस्थल, पुनर्वास शाखामा रहेको धरौटी खाता नं. ४२१०१००३०३००००२ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचरको प्रतिलिपि वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको मान्यताप्राप्त वित्तीय संस्थावाट तोकिएको ढांचामा यस कार्यालयको नाममा जारी भएको बैंक जमानत दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

४. नेपाल सरकारको हितलाई ध्यानमा राखि दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. दरभाउपत्रमा भाग लिन फर्म अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको, ठेक्का सम्वन्धी पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको व्यहोरा उल्लेख गरि लिखित घोषणापत्र दरभाउपत्रसाथ दरभाउपत्रदाताले पेश गर्नु पर्नेछ।

६. नियमानुसार लाग्ने कर, दस्तुर, आदि सम्पूर्ण दरभाउपत्रदाताले स्वंयम बेहोर्नुपर्नेछ|

७. दरभाउपत्र सम्वन्धमा अन्य थप कुराहरु वुझ्नु परेमा यस कार्यालयको सम्पर्क नं. ०९९-४२००५४/९८४८७४५६३४ मा वुझ्न सकिनेछ।

८. सूचनामा नपरेका व्यहोराहरु को हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारको प्रचलित कानुन अनुसार हुनेछ।

| सि.नं. | ठेक्का संकेत नम्वर | कामको विवरण | लागत अनुमान (मु.अ.कर बाहेक) रु. | दरभाउपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| 1. | PUN/MUN/077/078-10 | Ward No. 1 Mahendra Thapa Plot to West Suklal Chowk and Malika Aa.Bi. Road, Punarbas Municipality-01, Kanchanpur | १३,५४,४४४.७९/- | ४०,०००/- |
| 2. | PUN/MUN/077/078-11 | Ram Sir Chowk to West Chhetra Bdr Lama Thap Plot and Bhim Paster Thap Plot Road, Punarbas Municipality-03, Kanchanpur | १४,७७,४४२.९७/- | ४२,०००/- |
| 3. | PUN/MUN/077/078-12 | Road Ward no. 6, Chaurasidhara Chowk to South dumping site road, Punarbas Municipality-06, Kanchanpur | १३,५४,४४४.७९/- | ४०,०००/- |

छमराज दिन्द
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner